# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## ग्लोबल आइएमई बैंकको कृषि शाखा उदघाट्न

कृषि तथा जल विद्युत क्षेत्र लक्षित लगानी अभिवृद्धि गर्ने नीति अनुरुप गभर्नर डा. युवराज खतिवडाले ग्लोबल आइएमई बैंक लिमिटेडको मध्य-पश्चिमाञ्चल, नेपालगञ्जस्थित पुष्पलालचोकमा स्थापित कृषि शाखाको मंसिर १५ गतेका दिन औपचारिकरूपमा समुदघाट्न गर्नु भयो ।



समुदघाट्न मन्तव्यको क्रममा गभर्नर डा. खतिवडाले मुलुकमा कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषि प्रविधिको विकास गर्नका लागि कृषि क्षेत्रमा रहेको जोखिम सरकार र सहयोगी निकाय मिलेर बहन गर्नुपर्ने बताउनु भयो । कृषि तथा जल विद्युत क्षेत्र नेपालको आर्थिक विकासको आधार भएकोले बैंकहरू त्यसतर्फ लगानीमा उन्मुख हुँदै जानु पर्ने विचार व्यक्त गर्नु भयो । कृषिमा जोखिम कम गर्न बाली तथा पशुधन बीमाका लागि थप व्यवस्था मिलाउँदै जानु पर्ने कुरामा उहाँले जोड दिनुभयो । साथै, सिक्टा सिँचाइ तथा भेरी बबई डाइभर्सन आयोजना सम्पन्न भएपश्चात् उक्त क्षेत्रमा हरित क्रान्ति आउने र त्यस क्षेत्रको आर्थिक तथा व्यावसायिक भविष्य राम्रो हुनेमा आफु विश्वस्त रहेको विचार व्यक्त गर्नु भयो ।

उक्त कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नु हुदै नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयका व्यवस्थापक जनकबहादुर अधिकारीले तुलनात्मक रुपमा बाँके जिल्ला कृषि क्षेत्रमा सबैभन्दा कम लगानी भएको जिल्ला हो भने बर्दिया, सुर्खेत र दाङ भने कृषिमा तुलनात्मक रूपमा बढी लगानी भएका जिल्लाहरू रहेको जानकारी दिनु भयो ।

सोही क्रममा व्यवस्थापक अधिकारीले मध्यपश्चिमाञ्चलमा वाणिज्य बैंकका ७१ वटा शाखा र करिब ३७९ वटा सहकारी संस्थाहरु कार्यरत रहे तापनि ७ हजार जनताका बीच १ वित्तीय संस्था कार्यरत रहेको, राप्ती नदी पारि बैंक तथा वित्तीय संस्था नपुगेकोले उक्त स्थानमा सेवा विस्तार गर्न आग्रह गर्दै बाँके जिल्लामा माछा पालन अभियानमुखी बनाउनु पर्ने र सिमान्तकृत परिवारलाई समेट्नु पर्ने बताउनु भयो ।

उदघाट्न कार्यक्रमका बीच गभर्नर डा. खतिवडाले उद्यमी कुमुद दुगड लगायत अन्य कृषि ऋणका ग्राहकहरुलाई कृषि कर्जाको स्वीकृति पत्र हस्तान्तरण गर्नु भयो ।

कार्यक्रमपश्चात् गभर्नर खतिवडाले के. एल. दुगड समूहले बाँकेमा सञ्चालन गरेको कृषि उपज धान, तेल, गहुँ तथा जडिबुटी प्रशोधन केन्द्रका साथै भण्डारण क्षेत्रको पनि स्थलगत निरीक्षण गरी विविध विषयमा जानकारी लिनु भयो ।

यसैगरी बैंकको नेपालगञ्ज कार्यालयले गभर्नरको उपस्थितिमा स्थानीय बैंकर, उद्योगी, व्यापारी एवं पर्यटन क्षेत्रका प्रतिनिधिसँग आयोजना गरेको छलफल कार्यक्रमका सहभागीहरुले नगद भा.रु.को सटही सुविधा सहज बनाई दिनका साथै औद्योगिक तथा वाणिज्य नीतिमा थप सुधारको लागि पहल गरिदिन अनुरोध गर्नु भएको थियो । त्यसैगरी भन्सार जाँच गरी चलान गरेको ट्रकलाई सरकारका विभिन्न निकायबाट राजमार्गमा हुने चेक जाँचबाट अप्ठ्यारो परेकोले सहज बनाउन पहल गरिदिन आग्रह गर्नु भयो ।

उक्त कार्यक्रममा सहभागीहरुबाट उठेका जिज्ञासाको जवाफ दिँदै गभर्नर खतिवडाले उद्यमी-व्यापारीले भोग्नु परेका कठिनाइ आफूले सम्बन्धित निकायमा राखी समाधानको लागि पहल गर्ने बताउनु भयो । भारतीय रुपैयाँको सम्बन्धमा भारतीय रिजर्ब बैंकले यस बैंकको अनुरोध बमोजिम उपलब्ध गराउने नगद भा.रु.को सीमाभित्र रहेर नगद व्यवस्थापन गरिने जानकारी दिनु भयो ।



छलफल कार्यक्रमपश्चात् गभर्नर खतिवडाले नेपालगञ्ज कार्यालयको भौतिक निरीक्षणका साथै कोहलपुर क्षेत्रमा यस बैंकले खरिद गर्न लागेको जग्गाको पनि अवलोकन गर्नु भयो ।

मिति २०६९।८।१७

गभर्नरको कार्यालय